# एकाइ 8 · विद्युत् र चुम्बकत्व

कार्यपत्र

पूर्णाङ्क 40

नाम ______________ कक्षा ______ रोल नं. ______ मिति ________ प्राप्ताङ्क _____ / 40

## 1 मुख्य शब्द [4]

कोठामा दिइएका उपयुक्त शब्द छानी तलको अनुच्छेदका खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ½ अङ्क छ।

| |
|---|
| **MCB अवपात किपर किलोवाट आवर चुम्बकीय दिक्पात चुम्बकीय शक्तिको ह्रास भूचुम्बकत्व म्याग्नेटिक स्याचुरेसन लोडस्टोन विद्युत् चुम्बक** |

प्रकृतिमै पाइने ______________ जस्ता चुम्बकलाई प्राकृतिक चुम्बक भनिन्छ। नरम फलामको टुक्रामा बेरिएको तारको कुण्डलीबाट विद्युत् प्रवाह गरेर बनाइएको चुम्बकलाई ______________ भनिन्छ। कुनै वस्तुका सबै अणु चुम्बक एउटै दिशातिर मिलेर बसेपछि त्यसको चुम्बकत्व अझ बढ्न सक्दैन; यस अवस्थालाई ______________ भनिन्छ। चुम्बकले आफ्नो चुम्बकीय गुण गुमाउनुलाई ______________ भनिन्छ। पृथ्वीमा हुने चुम्बकीय गुणलाई ______________ भनिन्छ। कुनै ठाउँमा भौगोलिक मेरिडियन र भूचुम्बकीय मेरिडियनबिच बन्ने कोणलाई ______________ भनिन्छ। विद्युत् ऊर्जा ______________ एकाइमा बेचिन्छ, जसलाई सामान्यतया युनिट भनिन्छ। धेरै करेन्ट बग्दा आफैँ खुल्ने स्वचालित स्विचलाई ______________ भनिन्छ।

## 2 चित्रको नामाङ्कन [3]

चित्रमा घरभित्र विद्युत् आइपुग्ने तरिका देखाइएको छ। 1 देखि 6 सम्मका अङ्कले जनाएका भागको नाम लेख्नुहोस्। प्रत्येकको ½ अङ्क छ।




1. ______________ 2. ______________

3. ______________ 4. ______________

5. ______________ 6. ______________

## 3 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** यीमध्ये प्राकृतिक चुम्बक कुन हो? [1]

**क.** लाइमस्टोन
**ख.** निकेल
**ग.** लोडस्टोन
**घ.** विद्युत् चुम्बक

**ii.** घरको वायरिङमा स्विचलाई कुन तारमा जोडिन्छ? [1]

**क.** न्युट्रल तार
**ख.** अर्थ तार
**ग.** फ्युज तार
**घ.** लाइभ (फेज) तार

**iii.** एउटा चुम्बक भाँचिएर तीन टुक्रा हुन्छ। अब कतिओटा उत्तरी ध्रुव हुन्छन्? [1]

**क.** एउटा, N ध्रुव भएको टुक्रामा
**ख.** एउटा पनि हुँदैन: भाँच्दा चुम्बकत्व नष्ट हुन्छ
**ग.** तीनओटा, हरेक टुक्रामा एउटा
**घ.** दुईओटा, छेउका टुक्रामा मात्र

**iv.** फ्युज तामाको होइन, टिन र लिडको मिश्रित धातुको किन बनाइन्छ? [1]

**क.** मिश्रित धातु तामाभन्दा राम्रो सुचालक हो
**ख.** मिश्रित धातु कम तापक्रममा पग्लन्छ
**ग.** तामा चुम्बकीय हुन्छ
**घ.** मिश्रित धातु कहिल्यै पग्लँदैन

**v.** पृथ्वीमा कहाँ डिप सर्कलको सियो सिधा ठाडो उभिन्छ? [1]

**क.** चुम्बकीय भूमध्यरेखामा
**ख.** काठमाडौँमा
**ग.** चुम्बकीय ध्रुवमा
**घ.** जहाँ पनि, मध्याह्नमा

## 4 अति छोटो उत्तर [3]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** कुनै दुईओटा चुम्बकीय वस्तुको नाम लेख्नुहोस्। [1]

**ख.** चुम्बकीय भूमध्यरेखामा अवपातको मान कति हुन्छ? [1]

**ग.** 2,000 W को हिटर आधा घण्टा चलाउँदा कति युनिट विद्युत् खपत हुन्छ? [1]

## 5 छोटो उत्तर [8]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** कारण दिनुहोस्: चुम्बकलाई हिर्काउँदा यसको चुम्बकत्व नष्ट हुन्छ। [2]

**ख.** कारण दिनुहोस्: चुम्बकीय ध्रुवमा अवपातको मान 90° हुन्छ। [2]

**ग.** कारण दिनुहोस्: घरको वायरिङमा फ्युजलाई सधैँ लाइभ तारमा जोडिन्छ। [2]

**घ.** लाइभ तार र न्युट्रल तारबिच कुनै दुई फरक लेख्नुहोस्। [2]

## 6 लामो उत्तर [8]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस्।

**क.** चुम्बकत्वको आणविक सिद्धान्तका मुख्य बुँदा लेख्नुहोस्। [4]

**ख.** अर्थिङ भनेको के हो? घरको वायरिङमा अर्थिङ किन आवश्यक छ? [4]

## 7 गणितीय समस्या [7]

तलका गणितीय समस्या समाधान गर्नुहोस्। हिसाबका सबै चरण देखाउनुहोस्।

**क.** भावनाको घरको विद्युत् मिटरले 15 दिनमा 75 युनिट विद्युत् खपत देखाउँछ। एक युनिटको रु. 9.50 पर्छ भने औसत मासिक (30 दिनको) विद्युत् महसुल हिसाब गर्नुहोस्। [2]

**उत्तर:** ______

**ख.** एउटा घरमा 25 W का आठओटा चिम दिनहुँ 4 घण्टा 40 मिनेट बालिन्छन्। एक दिनमा खपत हुने विद्युत् युनिटमा हिसाब गर्नुहोस्। [2]

**उत्तर:** ______

**ग.** एउटा नगरपालिकाले 1,500 W का 14 ओटा सडक बत्ती जडान गरेको छ। ती बत्ती दैनिक औसत 6.5 घण्टा बल्छन्। एक युनिटको रु. 12.50 पर्छ भने नगरपालिकाले तिर्नुपर्ने मासिक (30 दिनको) महसुल हिसाब गर्नुहोस्। [3]

**उत्तर:** ______

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

तिहारको बत्तीको लहरबाट एउटा चिम निकाल्दा पूरै लहर निभ्छ, तर घरको एउटा चिम फ्युज हुँदा अरू चिम बलिरहन्छन्। किन यस्तो फरक हुन्छ?

## 9 क्रियाकलाप: चुम्बकका गुण (क्रियाकलाप 8.1) (अङ्क नदिइने)

छड चुम्बकलाई बिचमा धागो बाँधेर झुन्ड्याई तलका काम गर्दा के हुन्छ, तालिकामा लेख्नुहोस्।

| क्रियाकलाप | चुम्बकमा देखिने प्रतिक्रिया |
|---|---|
| चुम्बकलाई स्थिर हुन दिनुहोस्। यसका ध्रुव कुन दिशातिर फर्केका छन्? | |
| यसको उत्तरी ध्रुवनजिक अर्को उत्तरी ध्रुव लैजानुहोस्। | |
| यसको उत्तरी ध्रुवनजिक दक्षिणी ध्रुव लैजानुहोस्। | |